annapurnapost.com


# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १५ पृष्ठ १२ | काठमाडौं, बिहीबार १ जेठ २०८२ | जेष्ठ कृष्णपक्ष तृतीया नेपाल संवत् ११४५ | THURSDAY, MAY 15, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# १२ खर्ब ८४ अर्ब बेरुजु मात्रै

बेरुजु अर्थात् आर्थिक अनुशासनहिनता । पेस्की धेरै लिने, समयमा फछ्र्योट नगर्नेदेखि स्रोतसाधनको दुरुपयोगदेखि आर्थिक अनियमिततालाई बेरुजुमा गणना गरिन्छ । अर्थात् सरकारी निकायमा मनपरी तथा जथाभावी खर्च गर्ने प्रवृत्तिका कारण बेरुजु बढ्दै गएको छ । एक प्रकारले आर्थिक अराजकता अकासिँदै छ । महालेखापरीक्षकको कार्यालयले बर्सेनि बेरुजु बढ्दै गएको भन्दै सरकार र मातहतका निकायलाई सचेत गराइएको छ । उदेकलाग्दो त के छ भने बेरुजु घट्नुको साटो बर्सेनि बढ्दै गएको छ । आर्थिक वर्ष २०८०/८१ मा १२ खर्ब ८४ अर्ब २० करोड ८४ लाख रुपैयाँ पुगेको छ । अर्कोतिर, बेरुजु बढ्नु भनेको विकास र समृद्धिको यात्रालाई 'ब्रेक' लगाउनु पनि हो । त्यसैकारण बेरुजु नियन्त्रण गरी मुलुकमा विकास र समृद्धितर्फ लैजान सम्बन्धित निकायको समयमै ध्यान जानुपर्ने जरुरी छ ।




समाचार पृष्ठ २

ममता थापा | काठमाडौं
– को रिपोर्ट

## सत्य निरुपण र बेपत्ता आयोगका पदाधिकारीहरू नियुक्त, थापा र गड्तौलालाई अध्यक्षको जिम्मेवारी





**काठमाडौं** (अन्नपूर्ण) : सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्षमा महेश थापा र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्षमा लीलादेवी गड्तौलालाई नियुक्त गरेको छ। मन्त्रिपरिषदको बुधबार बसेको बैठकले संक्रमणकालीन न्याय टुंगोमा पुऱ्याउनका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारीहरू नियुक्ति गरेको हो। सत्य निरुपण आयोगको अध्यक्षमा नियुक्त थापा पूर्वन्यायाधीश हुन भने बेपत्ता आयोग अध्यक्ष गड्तौला पूर्वमुख्यसचिव हुन।

मन्त्रिपरिषद् बैठकले समितिको सिफारिस बमोजिम उनीहरूलाई नियुक्त गरिएको सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए। उनका अनुसार सत्य निरुपण तथा मेलमिलाप आयोगका सदस्यमा अच्युत भण्डारी, टीकाप्रसाद ढकाल, पदमबहादुर शाही र कुमारी कौशल्या ओझालाई नियुक्त गरिएको छ। त्यस्तै बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको सदस्यमा गोपालनाथ योगी, अग्निप्रसाद थपलिया, सिर्जना पोखरेल र विनिता नेपाली रहेका छन्। उनीहरूको कार्यकाल चार वर्ष रहने र तलब, भत्ता तथा सेवा सुविधा राष्ट्रिय मानव अधिकार आयोगसरह हुने मन्त्री गुरुङले बताए।

यसैबीच, सरकारले नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिका लागि बनाइएको सिफारिस समिति पुनर्गठन गरेको छ। समितिका सदस्य डा. विश्व पौडेलले राजीनामा दिएपछि समिति पुनर्गठन गरिएको हो। समितिमा अर्थविद् डा. पोषराज पाण्डेलाई नियुक्त गरिएको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बताए। समितिमा अर्थमन्त्री संयोजक र निवर्तमान गभर्नर महाप्रसाद अधिकारी सदस्य थिए। अब पाण्डे सदस्यका रूपमा थपिएका छन्।

# राष्ट्रिय गौरवका आयोजनाको म्याद थपेको थप्यै

सुनिता कार्की | काठमाडौं



महालेखापरीक्षकको ६२ औं प्रतिवेदनले राष्ट्रिय गौरवका आयोजनामा भएको प्रगतिलाई सन्तोषजनक रूपमा लिएको छैन। समयमा सम्पन्न हुन नसक्नु र म्याद थपिँदै जानु राष्ट्रिय गौरवका आयोजनाको पुरानै रोग हो। सरकारले २०६८/६९ मा समृद्ध नेपालको लागि १७ आयोजनालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न राष्ट्रिय गौरवका आयोजना घोषणा गरेको थियो।

आर्थिक वर्ष २०८०/८१ सम्म यस्ता आयोजनाको संख्या २७ पुगेको छ। राष्ट्रिय योजना आयोगको विवरणअनुसार यो वर्ष थप भएका ३ आयोजनासमेत २७ राष्ट्रिय गौरवका आयोजनाको संशोधित मध्यमकालीन बजेट अनुमान २२ खर्ब ७२ अर्ब ४२ करोड ६१ लाख रहेको छ। २०८०/८१ सम्म शतप्रतिशत वित्तीय प्रगति भएका गौतमबुद्ध विमानस्थल र माथिल्लो तामाकोशी जलविद्युत् आयोजना बाहेकमा ४ खर्ब ८७ अर्ब ३२ करोड ५६ लाख खर्च भएको देखिन्छ। राष्ट्रिय गौरवका २७ आयोजनामध्ये २ आयोजना सम्पन्न भएका छन। भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा माथि हासिल गर्ने ३ आयोजना, ५० देखि ८० प्रतिशत हासिल गर्ने ६ आयोजना छन्। ५० प्रतिशतभन्दा न्यून प्रगति हासिल गर्ने आयोजना ६ तथा भौतिक प्रगति नखुलेका ८ आयोजना तथा सुरु नभएका २ आयोजना छन्।

आर्थिक वर्ष २०७८/७९ मै सम्पन्न भइसक्नुपर्ने पशुपति क्षेत्र विकास कोषको हालसम्मको प्रगति ८८ प्रतिशत भए तापनि सम्पन्न हुने अवधिको टुंगो छैन। रानी जमरा कुलरिया, सुनकोशी मरिन डाइभर्सन, हुलाकी राजमार्ग, काठमाडौं तराई द्रुतमार्ग, लुम्बिनी क्षेत्र विकास कोषसहित ५ आयोजना २०८०/८१ मा निर्माण सम्पन्न हुनुपर्ने थियो। तर, यी आयोजनाको म्याद थप भएको छ।

यस्तै, पाँचौं योजनाले लिएका आर्थिक क्षेत्रका ५, सामाजिक क्षेत्रका ४, पूर्वाधार क्षेत्रका ७ र लोकतन्त्र र सुशासन क्षेत्रका एउटा गरी १७ आयोजनालाई रूपान्तरणकारी आयोजना घोषणा गरेको थियो। १७ आयोजनामध्ये ५ आयोजनामा कुनै प्रगति भएको छैन। उल्लिखित ५ आयोजनाबाहेक सबै आयोजनाको प्रगति ५५ प्रतिशतभन्दा कम रहेको देखिन्छ। यो वर्ष निर्माण सम्पन्न हुनुपर्ने समृद्धिका लागि वन, जग्गा प्रशासन सुदृढीकरणलगायत ६ आयोजनाको उल्टै म्याद थप भएको थियो। रूपान्तरणकारी आयोजना तथा कार्यक्रमको मध्यावधि समीक्षा नभएकोले हालसम्मको वित्तीय तथा भौतिक प्रगतिको अवस्था खुल्ने विवरणसमेत तयार छैन।

सञ्चालित आयोजना तथा कार्यक्रमहरूको समीक्षा गरी विषयगत मन्त्रालयहरूको भूमिकालाई थप प्रभावकारी बनाउन राष्ट्रिय योजना आयोगले प्रभावकारी अनुगमन गरी समयमानै सम्पन्न गर्न भनिएको छ। सरकारले मध्यपहाडी लोकमार्ग र उत्तर-दक्षिण करिडोर मार्गको मिलन विन्दु आसपासमा पर्ने प्रमुख १० स्थानमा २०८६/०८७ सम्म अत्याधुनिक सेवा सुविधा र पूर्वाधारयुक्त शहरहरू निर्माण र विकास गर्ने उद्देश्यले २०६७/६८ देखि रूपान्तरणकारी आयोजनाको रूपमा नयाँ सहर आयोजनाको कार्य सुरु भएको हो।

» बाँकी पृष्ठ ८

Drive Green,
Breathe Clean

## अन्नपूर्णकर्मी महतको निधन



**रौतहट** (अन्नपूर्ण) : रौतहटका वरिष्ठ पत्रकार तथा अन्नपूर्णकर्मी फणिदेव महतको निधन भएको छ। ब्रेन ट्युमरबाट लामो समयदेखि पीडित महतको उपचारका क्रममा काठमाडौंस्थित अन्नपूर्ण न्युरो अस्पतालमा उपचारका क्रममा मंगलबार राति निधन भएको हो।

महतले दुई दशकभन्दा बढी समयदेखि पत्रकारिता क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्दै आएका थिए। उनी अन्नपूर्ण पोस्ट्का रौतहट संवाददाता थिए भने चन्द्रनिगापुरबाट सञ्चालित रेडियो सुप्रिम र अनलाइन पत्रिका 'कलमपाटी डटकम' का सञ्चालकसमेत थिए।

पत्रकार महतले प्रेस चौतारी नेपालको मधेस प्रदेश अध्यक्षको जिम्मेवारी पनि सम्हालेका थिए। उनका २ सन्तान छन्। महतको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक निडर र सक्षम पत्रकार गुमाएको छ। रौतहटको बागमती घाटमा बुधबार उनको अन्त्येष्टि गरिएको छ।

# शून्य बेरुजु, एकमात्र गाउँपालिका महाभारत

सुरेन्द्र काफ्ले | काठमाडौं



देशभरमा ७ सय ५३ स्थानीयतहसहित ७ सय ६१ सरकार छन् । सबैको बेरुजुको चाङ छ। तर, एउटा यस्तो स्थानीय तह छ जसको बेरुजु शून्य छ। त्यो हो काभ्रेपलाञ्चोक जिल्लाको महाभारत गाउँपालिका । जसको बेरुजु एक रुपैयाँ पनि छैन। गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बा निरन्तर प्रयासबाट शून्य बेरुजु बनाउन सफल भएको बताउँछन्।

'कर्मचारीलाई सार्वजनिक खरिद ऐन, नियमावली, स्थानीय सार्वजनिक ऐन, नियमावली निरन्तर फलो गर्न लगायौं, उनीहरूलाई यो विषयमा तालिम दियौं, अध्यक्ष जिम्बाले भने, हामीले नीति नियम संगतबाहेक काम नगर्ने भनेर जनप्रतिनिधि र कर्मचारीले सामूहिक प्रतिबद्धता गऱ्यौं।' कुनै दबाब र प्रभावमा होइन योजनाबद्ध रूपमा गरेका कामको मात्रै भुक्तानी गर्ने प्रणाली बसालेको कारणले शून्य बेरुजु भएको उनले बताए।

'नियमसंगत फाइलको मात्रै अगाडि बढायौं, नियम संगत नभएका कामलाई तुरुन्तै नियन्त्रणमा लिने काम गऱ्यौं, यसको फलस्वरूप हामी शून्य बेरुजु हुन सफल भयौ,' उनले भने। गत वर्ष महाभारतसहित पाँचवटा स्थानीय तहको शून्य बेरुजु थियो तर योपटक भने अरुले शून्य बेरुजुलाई कायम राख्न सकेनन्। गत वर्ष ताप्लेजुङको पाथिभरा याङवर गाउँपालिका, पाँचथरको याङवरक गाउँपालिका, धादिङको बेनीघाट रोराङ गाउँपालिका र ललितपुरको कोन्ज्योसोम गाउँपालिकामा पनि बेरुजु शून्य थियो।

अध्यक्ष जिम्बाले यो वर्षमात्रै होइन विगतमा र भविष्यमा पनि शून्य बेरुजु नहुने गरी योजना बनाएर काम गरिरहेको बताए। नयाँ योजना होइन, भइरहेका योजनालाई निरन्तर फलो गरेर यो अवस्था आएको उनको भनाइ छ।

> नियमसंगत फाइल मात्रै अगाडि बढायौं, नियम संगत नभएका कामलाई तुरुन्तै नियन्त्रणमा लिने काम गऱ्यौ, जसकारण शून्य बेरुजु बन्न सफल भयौं ।
>
> **कान्छालाल जिम्बा,**
> अध्यक्ष, महाभारत गाउँपालिका

**कम बेरुजु हुने महानगर विराटनगर, बढी हुनेमा पोखरा**

महानगरपालिकामध्ये सबैभन्दा कम बेरुजु हुनेमा विराटनगर महानगरपालिका छ। विराटनगर महानगरको गत आर्थिक वर्ष २०८०/८१ मा ६ अर्ब ४४ करोड ७६ लाख रुपैयाँको लेखा परीक्षण भएको थियो। जसमध्ये २ करोड ८ लाख ५७ हजार बेरुजु थियो। जुन ०.३२ प्रतिशतमात्र हो। महानगरमध्ये दोस्रोमा ललितपुर महानगरको कम बेरुजु छ। ललितपुरको बेरुजु १० अर्ब ६८ करोड ९७ लाख लेखापरीक्षण गर्दा ५ करोड ५५ लाख बेरुजु देखिएको छ। जुन ०.५२ प्रतिशत हो। तेस्रोमा चितवन भरतपुर महानगरपालिकामा ११ अर्ब १३ करोड ३ लाख रुपैयाँको लेखा परीक्षण गर्दा १० करोड २ लाख बेरुजु देखिएको छ।

जुन ०.९० प्रतिशत हो। काठमाडौं महानगरपालिका चौथोमा छ। देशकै धेरै बजेट खेलाउने काठमाडौं महानगरको २७ अर्ब ५२ करोड ४४ लाख रुपैयाँको लेखापरीक्षण गर्दा ६८ करोड २ लाख बेरुजु देखिएको हो। जुन २.४७ प्रतिशत बेरुजु हो। पर्सा वीरगञ्ज महानगरपालिकामा ६ अर्ब २८ करोड १६ लाख लेखा परीक्षण गर्दा २२ करोड ७५ लाख बेरुजु देखिएको महालेखाको प्रतिवेदनमा छ ।

जुन ३.६२ प्रतिशत हो। पोखरा महानगरमा महानगरमध्ये सबैभन्दा धेरै बेरुजु देखिएको छ। यसको १३ अर्ब ४६ करोड ७२ लाख लेखापरीक्षण गरिएकोमा ५० करोड ४३ लाख रुपैयाँ बेरुजु देखिएको हो, जुन ३.७४ प्रतिशत हो।